आज मिति २०८२।०१।०७ गते आइतवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८१।८२ वैठक सङ्ख्या: ४८ समय : विहान ११:०० बजे स्थान: गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री कृष्ण बहादुर खत्री | |

सहजकर्ता कर्मचारी:

१. श्री विजय कुमार थापा

२. श्री अमर कुमार श्रीवास्तव

३. श्री प्रकाश रावल

सहयोगी कर्मचारी:

१. श्री अमिता लामा

भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

# ४८ औँ कार्यपालिका बैठक

# २०८२ बैशाख ७

**प्रस्तावनाहरु**

१. प्रशासनिक भवन निर्माण सम्बन्धमा

२. विपदबाट क्षति भएका सडक मर्मत सम्बन्धमा

३. सार्वजनिक संरचना निर्माण भएका जग्गाको छुट दर्ता सिफारिस सम्बन्धमा ।

४. जडिबुटि तथा कृषि उपज प्रशोधन केन्द्र स्थापना सम्बन्धमा ।

५. वडागत ट्र्याक्टर माग तथा वडागत कोटा निर्धारण सम्बन्धमा ।

६. पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा सम्बन्धमा ।

७. निर्माण व्यवसायिको कार्यसम्पादन अनुगमन तथा कार्य प्रभावकारीता सम्बन्धमा ।

८. पालिका स्तरीय वन शाखा स्थापना सम्बन्धमा ।

९.मद्यपान तथा नशाजन्य पदार्थ सेवन नियन्त्रण अभियान सम्बन्धमा

१०.दलित लगायत अन्य लक्षित कार्यक्रम सञ्चालन सम्बन्धमा

११. विविध

- तामाङ भाषा पाठ्यक्रम सम्बन्धमा
- साझा सुविधा केन्द्र उद्यम विकास शाखातर्फ ५ लाखको भवन निर्माण ससर्त बजेट

**निर्णयहरु**

१. निर्णय नं. १ : प्रस्ताव नं. १ उपर छलफल गर्दा भुम्लु गाउँपालिकाको प्रशासकनिक भवन निर्माणका लागि वन तथा भू संरक्षण विभागको च.नं.८८२,मिति २०८२/१/३ गतेको पत्र अनुसार भुम्लु गाउँपालिकाको नाममा रहेको जग्गा नेपाल सरकार भू संरक्षण विभाग का.म. न.पा.११ बबरमहल, काठमाडौँको नाममा रजिष्टर पास गर्नका लागि श्री डिभिजन वन कार्यालय,काभ्रेपलान्चोकलाई परिपत्र गरिएकोमा वन नियमावली २०७९ वन दोस्रो संशोधन नियमावली २०८१ सहित को नियम ९३ मा उल्लेख भए बमोजिम सट्टा भर्ना जग्गामा हुने वृक्षारोपण तथा सोको पाँच वर्षसम्मको संरक्षण खर्च बापतको रकम लगायत अन्य शीर्षकमा गाउँपालिकाको तर्फबाट डिभिजन वन कार्यालय काभ्रेपलान्चोकले तयार गरेको लागत अनुमान

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

अनुसार आ व २०८१-८२ को प्रशासनिक भवन खर्च शीर्षकबाट वन विकास कोषमा जम्मा गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । यसका साथै नेपाल सरकार मन्त्रिपरिषको २०८१ भद्र १३ गतेको निर्णयं अनुसार यस गाउँपालिकको प्रशासकीय भवन निर्माणका लागि भिरपानी सामुदायिक वनको ६-०-०-० जग्गा प्रयोग गर्न दिने निर्णय अनुसार यस गाउँपालिकाको नाममा रहेको साविक सल्ले गा.वि.स वडा नं. ९ ज.कि.नं. १२२३ र १२२४ को जग्गा नेपाल सरकार वन तथा भू-संरक्षण विभागको नाउँमा सट्टा भर्नाका लागि जिल्ला मालपोत कार्यालयबाट रजिष्ट्रेसन पास गरिदिन तथा नेपाल सरकार तथा वन तथा भू-संरक्षण विभागसंग थप सम्झौता गर्न यस भुम्लु गाउँपालिकामा कार्यरत न्यायिक सहजकर्ता राजु लामालाई अख्तियारी दिने एवम् गाउँपालकाको प्रशासकिय भवन निर्माण गर्नका लागि स्थानीय पुर्वाधार विकास विभाग केशरमहल, पुल्चोक, ललितपुरसँग योजना माग गरी स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम ४०% लागत सहभागिता ब्यहोर्ने प्रतिबद्धता गर्ने निर्णय गरियो। साथै डिपिआर को लागत अनुमान अनुसार स्रोत सुनिश्चित गरी इ-बिड मार्फत ठेक्का प्रक्रिया आगाडि बढाउने निर्णय गरियो।

२. निर्णय नं. २ : प्रस्ताव नं. २ उपर छलफल गर्दा यही असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाको कारण आएको बाढी पहिरोबाट दोलालघाट – पौवा – भुम्लुटार-सल्ले-चौबास सडक खण्डको समि बोट माथिको घुम्ती सडक उच्च जोखिममा रहेकोले गाउँपालिका जोड्ने सडक सञ्जाल टुट्न सक्ने उच्च सम्भावना भएकोले प्राविधिक लागत इष्टिमेट अनुसार स्रोत सुनिश्चित गरी आगामि आर्थिक वर्षमा भुक्तानी हुने गरी उपभोक्ता समिति/टोल विकास समिति मार्फत कार्य प्रारम्भ गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

३. निर्णय नं. ३ : प्रस्ताव नं. ३ उपर छलफल गर्दा साविक सल्ले गाविस वडा न ४ स्थित कित्ता न ५५८ र कित्ता न ७९ जग्गा छुट दर्ता सिफारिसका लागि क्रमश प्रेम बहादुर लामा र कान्छा राम तामाङले गाउँपलिकामा पेश गर्नु भएकोमा उक्त जगामा सामुदायिक विद्यालय तथा वडा न ५ साविक विद्यालय हाल सभाहल वडा कार्यालय गाउँपालिकाको भवन लगायतको संरचना निर्माण भइ सञ्चालनमा रहेको सन्दर्भमा यस प्रकृतिका जग्गाको छुट दर्ता सिफारिस माग भएमा निर्माण भएको भौतिक संरचना गाउँपालिका,विद्यालय वा सार्वजनिक संरचना निर्माण भएका सरकारी निकायलाई निशुल्क दान गर्ने सर्तमा न्यायिक सहजकर्ताको रोहवरमा गाउँपालिका र छुट जग्गा सिफारिस निवेदक बीच सम्झौता गरी छुट जग्गा दर्ताका लागि जिल्ला मालपोत कार्यालय काभ्रेपलान्चोकलाई सिफारिस गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो ।

४. निर्णय नं. ४ : प्रस्ताव नं. ४ उपर छलफल गर्दा भुम्लु गाउँपालिका भित्रका जडिबुटिहरुको पहिचान,प्रशोधन बजारीकरण एवम् विकास तथा कृषि उपजहरुको सङ्कलन,प्रशोधन,ब्रान्डिङ बजारीकरण लगायतका विविध कार्य गर्नका लागि जडिबुटि तथा कृषि उपज प्रशोधन केन्द्र स्थापना गर्ने एवम् उक्त केन्द्र प्रमुखको रुपमा कृषि विकास शाखामा कार्यरत अधिकृत स्तरका कर्मचारीलाई केन्द्र प्रमुखको रुपमा कार्य विवरण तयार गरी खटाउने निर्णय सर्वसम्मत रुपमा निर्णय गरियो ।यसका साथै केन्द्रलाई २ वर्ष भित्र आर्थिक रुपमा आत्मनिर्भर गराउने निर्णय गरियो ।

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

५. निर्णय नं. ५ : प्रस्ताव नं. ५ उपर छलफल गर्दा भुम्लु गाउँपालिका एवम् भुम्लु गाउँपालिका वडा नं. २ बाट ५० प्रतिशत अनुदानमा कृषकहरुका लागि खरिद गरिएको मिनि ट्रयाक्टर(पेट्रोल १०० डिजेल १६ गरी जम्मा ११६ वटा ) वडागत माग एवम् खरिद गरिएको सङ्ख्याका आधारमा तपसिल बमोजिम वितरण गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

तपसिल

**वडागत मिनिट्र्याक्टर माग तथा वितरण सङ्ख्या**

| क्र स | वडा | माग | | | वितरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पेट्रोल | डिजेल | जम्मा | पेट्रोल | डिजेल | जम्मा | |
| १ | १ | ५० | ९ | ५९ | ५ | ३ | ८ | |
| २ | २ | ३९ | ० | ३९ | ३९ | ० | ३९ | |
| ३ | ३ | ७ | ० | ७ | ७ | ० | ७ | |
| ४ | ४ | १० | ० | १० | ९ | ० | ९ | |
| ५ | ५ | २४ | ८ | ३२ | २ | ५ | ७ | |
| ६ | ६ | ८ | ० | ८ | ८ | ० | ८ | |
| ७ | ७ | १९ | ० | १९ | १० | ० | १० | |
| ८ | ८ | २८ | ० | २८ | १० | ० | १० | |
| ९ | ९ | ३१ | ० | ३१ | १० | ० | १० | |
| १० | १० | ९ | १७ | २६ | ० | ८ | ८ | |
| कुल जम्मा | | २२५ | ३४ | २५९ | १०० | १६ | ११६ | |

६. निर्णय नं. ६ : प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस भुम्लु गाउँपालिकामा मिति २०८१/११/०१ देखि २०८१/११/१३ गते सम्म पूर्ण खोप वडा सुनिश्चितता गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गरी बालबालिकाले १५ महिनाको उमेर भित्रमा पाउनु पर्ने सम्पूर्ण खोपहरु पुरा गरेको सुनिश्चितता गरी भुम्लु गाउँपालिकाको १० वटै वडा घोषणा गरी सकिएको हुँदा यस गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता भएको घोषणा/दिगोपना प्रमाणीकरण गर्नका लागि जिल्ला खोप समन्वय समितिमा पूर्ण खोप सुनिश्चितता निर्देशिका, २०७१ बमोजिम भेरिफिकेसन गरी घोषणा/प्रमाणीकरण गर्न अनुरोध गरी पत्राचार गर्ने निर्णय गरियो।

७. निर्णय नं. ७ : प्रस्ताव नं. ७ उपर छलफल गर्दा निर्माण व्यवसायि फेन्ड्स इन्भेष्टमेन्ट कन्सट्रक्सन प्रा.लि.ले पटक पटक म्याद थप्दा समेत कार्यसम्पन्न नगरेकोले निज निर्माण व्यवसायीलाई १(एक) महिना भित्र कार्यसम्पन्न नगरेमा सम्झौता रद्द गरी कालो सूचीमा राख्न सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । यसका साथै भुम्लु गाउँपालिका अन्तर्गत हवेली-सापिङ्ग-सिम्थली-वेखसिम्ले-वाफल सडक खण्ड पिच गरी सकेपछि गाउँपालिका स्तरीय अनुगमन गर्ने क्रममा पिच गुणस्तरहिन देखिएकोले आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

८. निर्णय नं. ८ : प्रस्ताव नं. ८ उपर छलफल गर्दा भुम्लु गाउँपालिका अन्तर्गत रहने गरी छुट्टै वन शाखा स्थापना, कर्मचारी व्यवस्थापन गरी १० वटै वडाका सामुदायिक वनसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने/गराउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

९. निर्णय नं. ९ : प्रस्ताव नं. ९ उपर छलफल गर्दा मद्यपान तथा नशाजन्य पदार्थ सेवन नियन्त्रणका लागि विद्यालय, वडा कार्यालय, संघसंस्था तथा सरोकारवाला व्यक्तिहरुको संयुक्त रुपमा कार्ययोजना बनाई अभियान सञ्चालन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

१०. निर्णय नं.१० : प्रस्ताव नं.१० उपर छलफल गर्दा लक्षित कार्यक्रमका लागि विनियोजित रकमबाट वडास्तरमा पहरी, माझी, दलित लक्षित समिति गठन गरी कार्यक्रम सञ्चालन गर्ने, साथै भुजेल लक्षित कार्यक्रमलाई पालिकास्तरीय समूह निर्माण गरी समितिको माग एवम् पालिकाको आवश्यकताका आधारमा प्रास्ताव माग गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

११. निर्णय नं.११ : विविध।

- शैक्षिक सत्र २०८२ बाट भुम्लु गाउँपालिका अन्तर्गतका तामाङ बहुल्यता रहेका विद्यालयमा शिक्षा समितिको सिफारिस बमोजिम कक्षा-१बाट तामाङ भाषा पाठ्यक्रम लागू गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।
- भुम्लु गाउँपालिका वडा नं.१० को सार्वजनिक स्थानमा साझा सुविधा केन्द्र निर्माण गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।
- भुम्लु गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु काठमाडौं आन्दोलनको क्रममा रहेकोले शिक्षकको जायज माग पुरा गर्नका लागि सम्बन्धित निकायलाई अनुरोध सहित पत्राचार गर्ने निर्णय गरियो।
- भुम्लु गाउँपालिका अन्तर्गत पर्ने सुनकोशी नदी किनारमा पर्ने पशुपति र आँपघाट बगरको आगामी आर्थिक वर्षका लागि IEE प्रतिवेदन तयार गर्ने निर्णय गरियो।
- भुम्लु गाउँपालिका वडा नं.८ निवासी गोविन्द नाथ उप्रेतीको हेरचाह/पालनपोषण गर्न परिवारको सदस्य नभएको र निजको स्वास्थ्यमा मसेत समस्या भएकोले निजको स्वास्थ्य उपचारका लागि रु.५०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो।

२०८२/०५/०६
कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner